आ.व. २०८०।०८१
बैठक:- नगर कार्यपालिका बैठक
अध्यक्षता:- नगर प्रमुख सन्तोष लाल श्रेष्ठ

बैठक नं. १०।०८०।०८१
मिति:-२०८०।१२।२८ गते
स्थान:- ता.न.पा मिनिहल
समय:- विहान ७.३० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री सन्तोष लाल श्रेष्ठ ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| — | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| — | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| — | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री हरिराम नागिला | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |
| श्री यम ब. पौडेल | का. वा. वडा अध्यक्ष | वडा नं ८ | |
| लक्ष्मी पाण्डेय | का.वा. वडा अध्यक्ष | वडा नं ३ | |

**निर्णय नं. १**

मिति २०८० चैत्र ९ गतेको नगर कार्यपालिकाको बैठको निर्णय कार्यान्वयन समीक्षा गरियो । निर्णयहरुको कार्यान्वयन पक्ष सन्तोषजनक पाइयो । कार्यान्वयन हुन नसकेको निर्णयहरु कार्यान्वयनका लागि सम्बन्धित शाखा प्रमुखहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

नगरस्तरीय अनुगमन समितिका संयोजक एवं उपप्रमुखज्यूले प्रस्तुत गर्नुभएको मासिक अनुगमन प्रतिवेदन उपर छलफल गरी प्रतिवदेनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

विषयगत समितिका संयोजकहरुले प्रस्तुत गर्नुभएको हालसम्मको प्रगति प्रतिवेदन उपर समीक्षा गरियो ।

**निर्णय नं. ४**

विश्व बैंकको आर्थिक सहयोगमा संचालित डुम्रेखोला-सुनडाडा-तेल्घा-गुफाचौर-गाउनडाडा-सल्लाघारी-हुलुन्दी सडक परियोजनाको स्तरोन्नति कार्य गर्नको लागी यस कार्यालयबाट मिति २०८०/११/०९ प्रकाशित बोलपत्र आहवान सुचना (Single Stage Two Envelove) अनुसार मिति २०८०/१२/०९ गते दिनको २:०० बजे खोलिएको बोलपत्र मुल्याकन समितिबाट पेश गरिएको सार्वजनिक खरिद नियमावलीको नियम १४ को उपनियम (घ) अनुसार देहाय बमोजिमको बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव स्वीकृत गरी आर्थिक प्रस्ताव पेश गर्नका लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

देहाय :

| क्र.स | बोलपत्रदाताको नाम | कैफियत |
|---|---|---|
| १ | Swachchhanda Nirman Sewa Pvt. Ltd | सफल |
| २ | Lama/Thodung JV | सफल |
| ३ | Vedanshee Infrastructure Pvt. Ltd | सफल |

**निर्णय नं. ५**

विभिन्न निकायबाट प्राप्त पत्रहरुको विषयमा बैठकमा जानकारी गराई कार्यान्वयन गर्ने निर्णय गरियो ।

२०८०।१२।२८

निर्णय प्रमाणिकरण
२०८०।१२।२८

निर्णय नं. ६

नगर शिक्षा समिति सिफारिस अनुसार सो समितिको मिति २०८०।१२।२२ गतको बैठकको निर्णय नं. २ र ३ अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

तानसेन नगरपालिका वडा नं. १,३,५ मा पर्ने श्रीनगर सामुदायिक वनका उपभोक्ता समितिका सदस्यहरुलाई श्रीनगर क्षेत्रमा परिचय पत्रका आधारमा प्रवेश नि:शुल्क गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रदेश विशेष अनुदान कार्यविधि अनुसार आ.व. २०८१/०८२ को लागि प्रदेश विशेष अनुदान तर्फ देहायको योजना पेश गर्ने निर्णय गरियो ।

देहाय :

ल्याण्ड फिल्ड साइट कन्स्ट्रक्शन एण्ड म्यानेजमेन्ट, ता.न.पा.५

निर्णय नं. ९

नेपाल विद्युत प्राधिकरण, पाल्पा वितरण केन्द्रको च.नं. ७११ मिति २०८०।१२।२३ को पत्रको व्यहोरा बैठकमा जानकारी भयो । यस सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

देहाय :

क- तानसेन नगरपालिकाले नगर क्षेत्रमा सडक बत्ति प्रयोग गरेबापत २०८० चैत्र महिना सम्मको जम्मा रकम रु. ८,९९,१२,६५५.९७(अक्षेरुपि आठ करोड उनान्सय लाख बाह्र हजार छ सय पचपन्न रुपयाँ र सन्तानब्बे पैसा मात्र) हाललाई भुक्तानी समर्थन गर्ने ।

ख-२०८१ साल वैसाख देखि असारसम्म हाल मासिक बिलमा हुन आउने रकम रु ४,४१,१०९.३४ का दरले कुल रकम १३२३३२८.०२ को भुक्तानी समर्थन गर्ने ।

ग-पुरानो रकम २०८० चैत मसान्तसम्मको र २०८१ वैशाख देखि असारसम्मको भुक्तानीको लागि अधिकतम १२० किस्ता (१२० महिना ) कायम गरि आगामी आ.ब. ०८१/०८२ को बार्षिक स्वीकृति कार्यक्रममा उल्लेखित रकम सम्बोधन हुने गरि बजेट बिनियोजन गरि क्रमिक रुपमा भुक्तानी गर्ने ।

घ-आगामी २०८०/०८१ असार मसान्त सम्म वास्तविक लोड एकिन गर्न दुवै तर्फबाट प्रतिनिधि हुने गरि कमिटि गठन गर्ने र आर्थिक वर्ष ०८१/०८२ को साउनबाट नया लोड अनुसार billing गर्ने र सो बिल मासिक भुक्तानी गर्ने ।

निर्णय नं. १०

नेपाल रेडक्रस सोसाइटी पाल्पा जिल्ला शाखाको मिति २०८०।१२।२५ गतेको प्राप्त निवेदन अनुसार रक्त संचार केन्द्रको भवन निर्माणको लागि रु.१,१५,००,०००।- र सामग्री खरिदका लागि रु.७९,३५,०००।- गरी जम्मा रु.१,९४,३५,०००।- रकम स्वास्थ्य मन्त्रालयबाट विनियोजन गरिदिनका लाग सिफारिस साथ अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

सडक बोर्ड नेपालबाट रकम रु. १००००००, तानसेन नगरपालिकाबाट ४२८५७१४ गरी जम्मा रु. १४२८५७१४ रकम विनियोजन गरी कैलाशनगर-श्रीनगर, गौरीशंकर-हंसागढी घुम्ति, लायन्स आँखा अस्पताल-धर्मशाला-गोखेकोट-चिलाङदी (ता.न.पा.सिमाना),गैरगाउँ-ध्रुवघाट-गद्दाडाँडा, काजीपौवा-बालज्योती प्रा.वि.-तानसेन बहुमुखी क्याम्पस-देवकोटा चोक, नयाँपाटी-शारदा मा.वि.सडकहरुका लागत अनुमान रु.१४२८५४८०७० को लिखित सहमतिको लागि सडक बोर्ड नेपालमा पेश गरिएकोमा सो बोर्डबाट मौखिक रुपमा बोलपत्र आह्वान गर्नुहुन भनी सहमती प्राप्त भएकाले लिखित सहमती पत्र प्राप्त भए पश्चात योजना सम्झौता गर्ने गरी सडक बोर्ड तर्फबाट योजनाहरुको सार्वजनिक खरिद ऐन, २०६३ अनुसार बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

किसान सूचीकरण कार्यक्रम कार्यान्वय कार्यविधि, २०७७ बमोजिम तानसेन नगरपालिकाको वडा नं. १, ५, ९ र १३ मा तालिम प्राप्त गणकहरुबाट तानसेन नगरपालिका मार्फत किसान सूचिकरण कार्यक्रम अघी बढाउने निर्णय गरियो ।

निर्णय नं. १३

तानसेन नगरपालिका वडा नं. १० तल्लो गणशालमा नश्लसुधार कार्यक्रमको लागि श्री कालीका पशुपालन समूह मार्फत निवेदन प्राप्त भएकोमा ५०/५० लागत साझेदारीमा बढीमा रकम रु.५०००० मा नबढ्ने गरी उन्नत जातको रागो खरिद अनुदान प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

आगामी आ.व. २०८१/०८२ को नगरसभाको तयारीको लागि देहाय बमोजिमको कार्यतालिका स्वीकृत गर्ने निर्णय गरियो ।

| चरण | योजना तर्जुमा सम्बन्धी कार्य | समय सीमा | प्रमुख जिम्मेवारी |
|---|---|---|---|
| श्रोत अनुमान र कुल बजेट निर्धारण | संघ र प्रदेशबाट अनुदान र राजश्व बाँडफाँट र रोयल्टीको सीमा र मार्गदर्शन प्राप्त गर्ने | संघबाट फागुन र प्रदेशबाट चैत्र मसान्तभित्र | प्रमुख प्रशासकीय अधिकृत |
| | गै.स.स., उपभोक्ता समिति, सहकारी संस्था आदिसंग योजना तथा बजेट सम्बन्धमा पूर्व बजेट छलफल गर्ने | चैत्र मसान्तभित्र | नगर प्रमुख |
| | नीति तथा कार्यक्रम तयार गरी अध्यक्ष/प्रमुखद्वारा सभामा पेश गर्ने | वैशाख ७ गतेभित्र | नगर प्रमुख |
| | बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार तथा विधि तयार गर्ने | वैशाख ७ गतेभित्र | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | कुल बजेट अनुमान, सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गर्ने | वैशाख १० गतेभित्र | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | विषयगत महाशाखा/शाखा तथा वडा कार्यालयलाई बजेट सीमा तथा मार्गदर्शन उपलब्ध गराउने | वैशाख १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |
| | बस्ती/टोल बैठकको कार्यतालिका तयारी र जिम्मेवार बाँडफाँड गर्ने | वैशाख मसान्तभित्र | वडा समिति |

| | | | |
|---|---|---|---|
| बस्ती टोल स्तरबाट योजना छनोट | बस्ती टोलस्तरमा प्राप्त आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रअनुसार छुट्याउने | वैशाख मसान्तभित्र | वडा समिति र समितिका तोकिएका सदस्य |
| वडा स्तरीय योजना प्राथमिकता निर्धारण | बस्ती टोलस्तरबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्र अनुसार छुट्याउने | जेष्ठ १० गतेभित्र | वडा समिति तथा कार्यालय |
| | वडाको बजेट सीमा भित्रका र अन्य महत्वपूर्ण आयोजनालाई विषयगत रुपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने | जेष्ठ १० गतेभित्र | वडा समिति तथा कार्यालय |
| एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा | विषयगत महाशाखा /शाखाबाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने | जेष्ठ १५ गते भित्र | विषयगत महाशाखा /शाखा |
| | विषयगत समितिमा छलफल र प्राथमिकता निर्धारण तथा साङ्केतिकरण गर्ने | जेष्ठ २५ गते भित्र | विषयगत समिति |
| | बजेट (राजश्व, व्यय तथा वित्तीय व्यवस्था) तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने | जेष्ठ मसान्त भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | गैसस तथा विकास साझेदारको कार्यक्रमलाई एकिकृत गरी समावेश गर्ने | असार ५ गते भित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | आर्थिक विधेयकको मस्यौदा तयार गरी पेश गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | विनियोजन विधेयकको मस्यौदा तयार गरी पेश गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| कार्यपालिकाबाट स्वीकृत र सभामा पेश | बजेट ( राजश्व, व्यय र वित्तीय व्यवस्थाको अनुमान) वार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक पारित गर्ने र आर्थिक ऐन तथा विनियोजन ऐन राजपत्रमा प्रकाशन गर्ने | असार १० गतेभित्र | स्थानीय कार्यपालिका |
| सभाबाट स्वीकृती | बजेट ( राजस्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान) वार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक पारित गर्ने र आर्थिक ऐन तथा विनियोजन ऐन राजपत्रमा प्रकाशन गर्ने | असार मसान्तभित्र | स्थानीय सभा |
| | बजेट पुस्तिका तयारी तथा छपाई गर्ने | साउन १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |

~~निर्णय नं. १८~~

निर्णय प्रमाणित गर्ने।

२०८०।५।२८

**निर्णय नं. १५**

दलित महिला केन्द्र नेपाल (CDWN) द्वारा संचालन तथा द एसिया फाउण्डेसनको आर्थिक सहकार्यमा यस नगरपालिकामा प्रभावकारी र समावेशी सुशासन सुदृढीकरण कार्यक्रम (**Fostering effective and Inclusive Sub-National Governance Phase II - To Promote Women in Leadership**) परियोजना २०८० चैत्र ११ सम्मका लागि अनुमती प्रदान गरी कार्यान्वयमा रहेको हुँदा आगामी २०८१ पौष ९ सम्म थप अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

जिल्ला प्रहरी कार्यालय, पाल्पाको क्यान्टीन निर्माणको लागि यस अघी कार्यपालिकाबाट निर्णय भएको टहरा व्यवस्थापन र चमेनागृह निर्माण शिर्षकमा विनियोजित योजना मध्येबाट लागत अनुमानका आधारमा कार्य गर्ने गरी बढीमा रु.१२५००० उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १७**

तानसेन नगरपालिका वडा नं. १ श्रीनगर बुद्धपार्क रंगरोगन योजनाको लागि नगर विकास योजनाको अनुसूची-६ को सि.नं. २३ को श्रीनगर उद्यान संरक्षण तथा सम्वर्द्धन कार्यक्रम शिर्षकबाट लागत अनुमान रु.४७५४३।३१ को आधारमा योजना कार्यान्वयको व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १८**

तानसेन नगरपालिका नगर कार्यपालिकाको मिति २०८०।१०।२६ को निर्णय नं. ५ अनुसार मिति २०८१ आषाढ १५ गते सम्म निर्माण गर्न बाँकी सम्पूर्ण कार्य पुरा गर्ने, (ख) प्रचलित कानून बमोजिम विलम्व शुल्क (LD) तिर्न स्वीकार गर्ने र (ग) आर्थिक बर्ष २०८१।०८२ को असोज मसान्त भित्र रकम भुक्तानी लिन मन्जुर गरेको शर्तहरु स्वीकार गरी लिखित निवेदन पेश गर्ने निर्माण व्यवसायीहरुहरुको हकमा अन्तिम पटकको लागि म्याद थप गर्ने, अन्यथा प्रचालित कानून बमोजिम कारबाही गर्ने निर्णय गरिएकोमा नेपाल सरकारबाट मिति २०८० फाल्गुण २१ गते सार्वजनिक खरिद नियमावली, २०८० को १३ औं संशोधन अनुसार नियमावलीको नियम १२० को उपनियम (क) अनुसार निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका तथा म्याद थपका कारण थप आर्थिक दावी नगर्ने प्रतिवद्धता सहित यो नियम जारी भएको मितिले ३० दिन भित्र निवेदन दिएमा उक्त कार्य सम्पन्न गर्न लाग्ने बास्तवीक थप अवधि एकिन गरी तथा कार्यसम्पादन जमानत, बीमा र पेश्की सम्बन्धी जनमानतको अवधि कायम रहेको सुनिश्चित गरी बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्नेछ, उपनियम (४) अनुसार पूर्व निर्धारित क्षतिपूर्ति लिइने छैन भन्ने प्रावधानका आधारमा नियमपुर्वक प्राप्त निवदेन र सार्वजनिक खरिद ऐन नियम अनुसार म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

तानसेन नगरपालिकाबाट तयार गरिएको तानसेन नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०८० दफावार छलफलको लागि यस नगरपालिकाको विधायन समितिमा पठाउने निर्णय गरियो ।

निर्णय प्रमाणीकरण

२०८०।१२।२८

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. २०**

तानसेन नगरपालिकाबाट चालु आ.व. २०८०।०८१ को चैत्र २७ गतेसम्मको आय व्ययको विवरण यस बैठकमा पेश भएकोमा यस उपर छलफल भई आय रकम रु. ५७८३५५९,२१,४४ र व्यय रकम रु. ४७७९३७३८६।३९ अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

चालु आ.व.को नगर विकास योजना अन्तर्गत तानसेन नगरपालिका वडा नं. १४ को वडास्तरीय योजनामा देहाय बमोजिम आगामी नगर सभाबाट अनुमोदन हुने संशोधन गर्ने निर्णय गरियो ।
देहाय :

| हाल भएको योजना | विनियोजन रकम | संशोधन हुनुपर्ने योजना | विनियोजन रकम | कारण |
|---|---|---|---|---|
| अर्तुङ्गा घिमिरे कुवरटोल कृषि सडक निर्माण | २,००,०००। | शिद्देश्वर आधारभूत विद्यालय प्राङ्गण ढलाई | १००,००० | योजनामा दोहोरो परेकोले |
| छत्तिवन गोरेटो बाटो निर्माण | १,५०,०००। | छत्तिवन गोरेटो बाटो निर्माण | २५०,००० | पुरानो अधुरो योजना सम्पन्न गर्न |

**निर्णय नं. २२**

जनता माध्यमिक विद्यालयको लागि बस व्यवस्थापनको लागि भारतीय दुतावासमा सिफारिस माग भइ आएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सहयोगको लागि सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

तानसेन नगरपालिकाको आ.व.०८०।०८१ को क्षेत्र तथा विषयगत प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत शुसासन तथा संस्थागत विकास तर्फको न्यायिक समिति तथा मेलमिलाप केन्द्र व्यवस्थापन शिर्षकमा विनियोजन भएको रु. ८०००००। (आठ लाख)बाट देहाय बमोजिमको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय :

१ मेलमिलापकर्तालाई विवाद दर्ता तथा विवाद समाधान गराउदा संचार खर्च रु १,२५,०००।

२ कम्प्युटर खरिद (डेक्सटप कम्प्युटर फोटोकपि सहितको प्रिन्टर मेसिन समेत रु १,५०,०००।

३ जिल्ला स्तरीय न्यायिक समित सम्मेलन रु.१,००,०००।

४ सामुदायिक मेलमिलाप केन्द्र अनुगमन तथा मेलमिलाप सम्बन्धी कार्य तथा

२०८०।१२।२८

सुसुचित गर्नको लागि वडा भेला रु.१,१०,०००

५ सम्पुर्ण मेलमिलापकर्तासँग अनुभव आदान प्रदान कार्यक्रम रु. ७५,०००।

६ मेलमिलापकर्ताका संयोजकसँग त्रैमासिक समिक्षा रु. ४०,०००।

७ न्याय सम्पादनमा उत्कृष्ट काम गर्ने पालिकासँग अनुभव आदान प्रदान गर्न न्यायिक समितिको अध्ययन अवलोकन भ्रमण रु.२,००,०००।

**निर्णय नं. २४**

तानसेन नगरपालिका वडा नं. १ मा नेपाल पर्यटन बोर्ड मार्फत संचालन हुने आयोजनाको लागि म्याचिङ्ग रकम सुनिश्चतता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

यस नगरपालिकामा पर्यटन प्रहरीको व्यवस्थापनको लागि संस्कृत पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल पर्यटन बोर्डमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

तानसेन नगरपालिकामा विगस्कुल स्थापना तथा विद्यालय समायोजन कार्यविधि, २०८० को दफावार छलफलको लागि विधायन समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. २७**

तानसेन नगरपालिका क्षेत्रमा कार्य गर्न इच्छुक फर्म, कम्पनी, क्लव,संघ संस्था तथा व्यक्तिहरुले, २०८१ वैशाख मसान्त भित्रमा दर्ता तथा सूचीकरण गर्न सूचना जारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

तानसेन नगरपालिका वडा नं. ९ मा अवस्थित (बुडुवा ढाव खेत) मा माडी बुडुवा संरक्षण समितिले संरक्षण गर्न योजना बनाएका क्षेत्रमा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार माण्डव्य सरोबार बनाउने उद्देश्य रहेकोले प्रस्तावित सरोबरको विस्तृत योजना प्रतिवेदन (Detailed Project Report-DPR) तयारीको कार्य गर्न नगर विकास कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

नगर विकास कोषको च.नं. ११७६ मिति २०८०।१२।२१ को पत्र बमोजिम युरोपियन युनियनको आर्थिक सहयोगमा Municipal Finance and Capacity Building कार्यक्रम अन्तर्गत सूचना प्रविधिमा आधारित एकिकृत नगर सेवा प्रणाली कार्यान्वयन गर्न इच्छुक रहेकोले नगरविकास कोष काठमाण्डौलाई अनुरोध गरी पठाउने निर्णय गरियो ।

निर्मला पुन मगर १२०१

२०८०।१२।२८

निर्णय नं. ३०

तानसेन नगरपालिका वडा नं. १० (साबिक तेल्धा गाविस वडा नं. ४,५,६,७) तल्लो धारापानी वस्तीको खानेपानी योजना मर्मत तर्फ पाइप खरिद कार्यको लागि चालु आ.व.नगर विकास योजनाको मर्मत सम्भारकोष शिर्षकबाट रकम रु.३०००००।-(तीनलाख) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३१

तानसेन नगरपालिका वडा नं. २ मा अवस्थित देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालयबाट कक्षा कोठा मर्मत, फिल्ड निर्माण तथा फर्निचर खरिद योजनाको लागि रकम माग गरिएकोमा रु.३५०८१८। (तीनलाख पचासहजार आठसय अठार) लागत ईस्टिमेट बराबरको रकम नगर विकास योजनाको मर्मत सम्भारकोष शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३२

तानसेन नगरपालिका वडा नं. १ को धुवघाट वस्तीमा खानेपानी योजना तर्फ पाइप खरिद कार्यको लागि चालु आ.व.को नगर विकास योजनाको मर्मत सम्भारकोष शिर्षकबाट रु.१५००००।- (एकलाख पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३३

तानसेन नगरपालिका वडा नं. १० को वडा कार्यालयको फर्निचर व्यवस्थापनको लागि चालु आ.व.को नगर विकास योजनाको मर्मत सम्भारकोष शिर्षकबाट रु.१०००००।- (एकलाख) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३४

मिति २०८० चैत्र ५ देखि ७ गतेसम्म रैनादेवी छहरा गाउँपालिकामा भएको जिल्लास्तरीय भलिबल प्रतियोगितामा यस नगरपालिकाबाट खेलाडी सहभागी हुँदाको खाजा, जर्सी र यातायात खर्चको लागि सम्बन्धित संस्थाबाट रकम माग भएकोमा आ.व.को नगर विकास योजनाको हितकारी कोष शिर्षकबाट रु.३५०००।- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३५

श्रीनगढी देखि रानीमहलसम्म क्षेत्रमा हुने राइड टु रानीमहल कार्यक्रमको लागि आ.व.को नगर विकास योजनाको हितकारी कोष शिर्षकबाट शिर्षकबाट रकम रु.२५०००।- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय पुस्तिका
२०८०।१२।१८